"समृद्ध पुतलीबजार, सुखी नगरबासी"

# पुतलीवजार नगरपालिका स्याङ्जा

## नगरकार्यपालिकाको,कार्यालय

गण्डकी प्रदेश, नेपाल

## आयठेक्का बन्दोवस्त सम्बन्धी सूचना !

प्रकाशन मिति २०७७।७।५

यस नगरपालिकाले चालु आ.व.२०७७।७८ को लागि विभिन्न शिर्षकहरुमा वढीवढाउका माध्यमबाट कर, सेवा शुल्क,दस्तुर संकलनको ठेक्का बन्दोबस्त गर्ने प्रयोजनको लागि पटक पटक सूचना प्रकाशन गरी दरभाउपत्र माग गरिएकोमा निम्न शिर्षकमा कुनै पनि दरभाउपत्र पेश हुन नआएकोले निम्न शर्त बमोजिम हुने गरी पुनः १५ दिने यो सूचाना प्रकाशन गरिएको ब्यहोरा सबन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| शिर्षक | ठे.नं. | नाम | कायम गरिएको न्यूनतम अंक | दरभाउपत्र पारम दस्तूर रु |
|---|---|---|---|---|
| सडक उपयोग शुल्क | १.२ | प्रगतीनगर- बाहाकोट ग्रा.स. | २१५००५। | १०००। |
| पार्किङ शुल्क तर्फ | ९.१ | पु.व.न.पा.को निर्धारित बजार क्षेत्र | ५,५५,५५५।- | १०००। |
| बिज्ञापन कर तर्फ | ११ | पु.व.न.पा. क्षेत्र | ५,२०,०००।- | १०००। |
| कवाडी कर तर्फ : | १२ | पु.व.न.पा. क्षेत्र | ३,०५,०००।- | १०००। |

शर्तहरु :-

१) दरभाउपत्रदाताले नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं./मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपीसहित निवेदन दिई तोकिएको दस्तुर तिरी १५ (पन्ध्र) दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सक्नेछ ।

२) दरभाउपत्र १६औ (सोहौं) दिन मध्यान्ह १२ बजे भित्र यस कार्यालय दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि.स्याङ्गजामा रहेको नं. ०७२०३००००३०००००००१ को धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) पेश हुन आएका दरभाउपत्र १६औ (सोहौं) दिन अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं सहीछाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६) दरभाउपत्र स्वीकृत भएमा, स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको सम्पूर्ण रकम यस कार्यालयको ने.बै.लि.स्याङ्गजामा रहेको नं. ०७२०३०००००१००१००००००१ को आन्तरिक

राजस्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कबुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर/शुल्क संकलन गर्न प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमा वुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

८) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्र्यौट नगरेसम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन् ।

९) वन्द, हडताल, विपत्ति, वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईनेछैन ।

१०) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन सम्बन्धित आन्तरिक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । दरभाउपत्रदाताले कवोल गरेको अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ ।

१२) नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ । सूचनामा उल्लेखित शर्तहरु र नगरपालिकाबाट गरिएका निर्देशनहरु उल्लघंन गरेमा दरभाउपत्रदाताको धरौटी रकम जफत गरी ठेक्का समेत तोडी कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

१३. कार्यक्षेत्र र दररेट नगरपालिकाले तोके बमोजिम हुने छ । बस्त्रित जानकारीका लागि न.पा.को राजश्व शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ ।

डोलर ... 
प्रमुख प्र...कीय अधिकृत